# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, चैत्र २५ गते, २०७७ साल (संख्या २५


## भाग-३

### कर्णाली प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### <u>मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संशोधन)</u>

### <u>कार्यविधि, २०७७</u>

**<u>प्रस्तावनाः</u>** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्ले यो कार्यविधि संशोधन गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि (दोस्रो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (यसपछि मुल कार्यविधि भनिएको) को दफा ४ मा संशोधनः**

१. मूल कार्यविधिको दफा ४ मा उपदफा ११(क) थप गरिएको छ।

"११(क) उपदफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ बमोजिम कुनै प्रदेश निर्वाचन क्षेत्रबाट योजना सिफारिस भई नआएमा र निर्देशक समितिले पुनः योजना सिफारिस गर्न तोकेको मितिमा समेत योजना सिफारिस भई नआएमा योजना छनौट सम्बन्धी सम्पूर्ण कार्य निर्देशक समितिले गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।"

२. मूल कार्यविधिको दफा ४ मा उपदफा १४ थप गरिएको छ।

"१४ यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एक पटक कर्णाली प्रदेश अन्तर्गत सम्पूर्ण योजनाहरु अन्तिम छनौट तथा बजेट बाँडफाँड भइसकेपछि मुख्यमन्त्री रोजगार कार्यक्रमको मौज्दात रहेको रकमबाट मुख्यमन्त्रीस्तरीय निर्णयानुसार मागमा आधारित रोजागरमूलक योजनाहरु छनौट गरी बजेट बाँडफाड गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

स्थानीय तह मार्फत कार्यान्वयन गरी रोजागारी सिर्जना गर्न सकिनेछ।"

३. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u>**

१. मूल कार्यविधिको दफा ६ मा उपदफा १(क) थप गरिएको छ।

"१(क) उपदफा १ बमोजमि सिफारिस भई नआएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयन गर्ने निकाय सिफारिस नभएको हकमा कार्यान्वयनको लागि र योजना छनौट तथा सिफारिस नभएको हकमा अन्तिम योजना छनौट तथा बजेट बाँडफाँड सहित कार्यान्वयनका लागि प्रदेश मातहतका कार्यालय वा स्थानीय तहमा शर्त सहित अख्तियारी प्रदान गर्न सक्नेछ।"

४. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ८ मा संशोधन।

१. मूल कार्यविधिको दफा ८ को उपदफा (१) मा रहेको "कार्तिक मसान्त भित्र" भन्ने वाक्याँश झिकिएको छ।

२. मूल कार्यविधिको दफा ८ को उपदफा (३) मा रहेको "अन्तिम छनौट गरी पौष १ देखि" भन्ने वाक्याँशको सट्टा "निर्णय पूर्वको समयावधि भित्र अन्तिम छनौट गरी" भन्ने वाक्याँश राखिएको छ।

३. मूल कार्यविधिको दफा ८ मा उपदफा ४(क) थप गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

"४(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७८/०७९ को हकमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजना छनोट वडा समितिबाट चालु आ.व.को वैशाख मसान्त भित्र छनौट तथा सिफारिस समितिले चालु आ.व.को जेठ १० गते र निर्देशक समितिले चालु आ.व.को जेठ २० गते भित्र अन्तिम छनौट गरीसक्नु पर्नेछ।"

५. **मूल कार्यविधिको अनूसूची २ मा संशोधनः** मूल कार्यविधिको अनूसूची २ मा रहेका "सामाजिक विकास कार्यालय" भन्ने वाक्यांँशहरुको सट्टा "जिल्लाका सम्बन्धित विषयगत कार्यालय" भन्ने वाक्यांँशहरु राखिएको छ।

आज्ञाले,

आनन्द सारु

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश